# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः८ संख्याः ४ कार्यपालिकाबाट पारित मितिः २०८२।०९।०२

प्रमाणिकरण मितिः २०८२।०९।०२

प्रकाशन मितिः २०८२।०९।०२


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधी, २०७७
### (पहिलो संशोधन २०८२)

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधी, २०७७ (पहिलो संशोधन २०८२)

<u>प्रस्तावनाः</u>

ठाकुरबाबा नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ लाई ठाकुबाबा नगर खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७९ अनुकुल बनाउन वाञ्छनीय भएकाले, नगर कार्यपालिकाले यो पहिलो संशोधन पारित गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यो कार्यविधिको नाम **“खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ (पहिलो संशोधन, २०८२)”** रहेको छ ।

(२) ठाकुरबाबा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संशोधित कार्यविधिमा,-

(क) "ऐन" भन्नाले ठाकुबाबा नगर खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७९ नामक ऐनलाई सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७७ नामक मूल कार्यविधिलाई सम्झनु पर्छ ।

३. <u>कार्यविधिको प्रस्तावनामा संशोधनः</u> ठाकुरबाबा नगरपालिका क्षेत्रभित्र स्वच्छ खानेपानीको पहुँच सबै नगरवासीहरूमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई संस्थाको स्थापना, दर्ता तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ध) १ र २ मा रहेको व्यवस्था कार्यान्वयन गर्न ठाकुरबाबा नगर खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७९ को दफा ९४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाईएको छ।

४. <u>दफा २ परिभाषामा नयाँ उपदफा (ण) थप गर्नेः</u>

(ण) **"ऐन"** भन्नाले ठाकुबाबा नगर खानेपानी, सरसफाई तथा स्वच्छता ऐन, २०७९ लाई सम्झनु पर्दछ।

५. <u>परिच्छेद-३ संशोधनः</u> खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन, दर्ता तथा नवीकरणः

६. <u>दफा ८ संशोधन गर्नेः</u> दर्ता तथा नवीकरण

७. <u>दफा ८ मा नयाँ उपदफा (३) थप गर्नेः</u> यस नगरपालिकामा दर्ता भएका खानेपानी संस्थाहरूले दफा २९ मा व्यवस्था गरिए बमोजिमका कागजातहरू सहित आर्थिक ऐन बमोजिमको दस्तुर तिरी हरेक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र संस्था नवीकरणका लागि पेश गर्नु पर्दछ।

८. <u>दफा ८ मा नयाँ उपदफा (४) थप गर्नेः</u> दर्ता गर्ने अधिकारीले कागजात रूजु गरी संस्था नवीकरण गरिदिनु पर्नेछ। कुनै कागजात पेश नभएको भए उक्त कागजात प्राप्त भए पश्चात मात्र नवीकरण गर्नु पर्नेछ।

९. <u>दफा १२ को उपदफा (१) संशोधनः</u> संस्थाले ऐनको दफा १५ मा उल्लेख गरिएका व्यवस्थाहरू समावेश गरी आफ्नो कार्य सञ्चालनका लागि विधान बनाउनु पर्नेछ।

१०. <u>दफा २२ को उपदफा (१) संशोधनः</u> संस्थामा साधारण सभाबाट निर्वाचित नौ देखि पन्ध्र सदस्यीय सञ्चालक समिति रहनेछ।

११. <u>दफा २२ को उपदफा (२) संशोधनः</u> उपदफा (१) बमोजिमको समितिमा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ। समितिमा कम्तीमा तेत्तीस प्रतिशत र अध्यक्ष वा सचिव मध्ये कम्तीमा एक (१) तथा उपाध्यक्ष/कोषाध्यक्ष/सहसचिव मध्येबाट गरी तीन पदमा महिलाको प्रतिनिधित्व हुनु पर्नेछ।

१२. <u>दफा २२ को उपदफा (३) संशोधनः</u> समितिको कार्यावधि तीन वर्षको हुनेछ।

१३. <u>दफा २३ मा नयाँ उपदफा (१क) थप गर्नेः</u>

<u>(१क):</u> संस्थाको विधानमा निर्वाचन सम्बन्धी स्पष्ट व्यवस्था नभई खानेपानी तथा सरसफाई संस्थाले अनुरोध गरेमा वा दफा २७ को उपदफा (१) बमोजिम सञ्चालक समिति विघटन भएको अवस्थामा वा सञ्चालक समिति उपर आर्थिक अपचलनको सम्बन्धमा छानविन भइरहेको अवस्थामा नगरपालिकाका कम्तीमा तीनजना प्रतिनिधिमार्फत् सञ्चालक समितिको निर्वाचन सम्पन्न गर्नु पर्नेछ । त्यसरी निर्वाचन गराउँदा खटिएका प्रतिनिधिले निर्वाचन सम्बन्धी कार्यविधि आफै निर्धारण गर्ने सक्नेछ ।

१४. **<u>दफा २९ मा संशोधनः</u>** संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछः

१५. **<u>दफा ३५ मा नयाँ उपदफा (१) क थप गर्नेः</u>** ऐनको दफा २३ को उपदफा (१) बमोजिम समेत खानेपानी तथा सरसफाई उपभोक्ता संस्था खारेज गर्न सकिनेछ तर संस्था खारेज गर्नुपूर्व सफाईको मौका भने दिनुपर्नेछ।

**<u>१६. कार्यविधिको विभिन्न परिच्छेद, दफा, उपदफा तथा अनुसूचीहरुमा व्याकरणीय तथा अङ्कको शुद्धता कायम गर्ने</u>** मूल कार्यविधिमा भएका विभिन्न शाब्दिक ह्रस्व, दीर्घ र क्रमश हुनुपर्ने अङ्क लगायतका विषयमा नेपाली व्याकरणीय तथा अङ्कको शुद्धता कायम गरिएको छ ।

**<u>आज्ञाले</u>**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधी, २०७७ (पहिलो संशोधन २०८२)